महालेखापरीक्षकको कार्यालय
Office of the Auditor General
बबरमहल, काठमाण्डौं, नेपाल
Babar Mahal, Kathmandu, Nepal

प्रादेशिक लेखापरीक्षण निर्देशनालय प्रदेश नं १

च.नं. ५२

मिति २०७८।३।१

विषयः लेखापरीक्षणको प्रारम्भिक प्रतिवेदन।

श्री अध्यक्ष ज्यू,

…हा नरसिंह गाउँपालिका,

गाउँ कार्यपालिकाको कार्यालय,

सुनसरी।

लेखापरीक्षण ऐन, २०७५ अनुसार त्यस कार्यालयको आर्थिक वर्ष २०७६।७७ को विनियोजन/राजस्व/धरौटी/अन्य कारोवारको आर्थिक विवरण तथा सोसँग सम्वन्धित कागजपत्र र विवरण परीक्षण गरी मिति २०७८।२।२७ मा छलफल पश्चात् तयार गरिएको पाना २६ को प्रारम्भिक प्रतिवेदन यसैसाथ छ ।

कार्यालयवाट पेस भएको आर्थिक विवरणप्रतिको उत्तरदायित्व प्रचलित कानून वमोजिम जिम्मेवार व्यक्तिको हो । लेखापरीक्षकको उत्तरदायित्व नेपाल सरकारी लेखापरीक्षणमान वमोजिम आर्थिक विवरण परीक्षण गरी प्रतिवेदन गर्नु हो । प्रतिवेदनमा उल्लिखित व्यहोराका सम्बन्धमा आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व ऐनको दफा ३७(१) नियमावली …०६४ को ३५ दिनभित्र फछ्र्यौट गरी सम्परीक्षण गराउनु हुनेछ । उक्त समयभित्र फछ्र्यौट गरी सम्परीक्षण नगराएमा वा स…रीक्षण गराई बाँकी रहेका व्यहोराहरु समावेश गरी लेखाउत्तरदायी अधिकृत / कार्यपालिका प्रमुखलाई जानकारी गराइने व्यहोरा निर्देशानुसार अनुरोध गर्दछु ।

(भूमिराज आचार्य)

निर्देशक

<u>वोधार्थ तथा कार्यार्थः</u>

श्री संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय,
सिंहदरवार काठमाडौं - प्रतिवेदन संलग्न छ ।
श्री जिल्ला समन्वय समितिको कार्यालय, सुनसरी- प्रतिवेदन संलग्न छ ।
श्री कोष तथा लेखा नियन्त्रक कार्यालय, सुनसरी - प्रतिवेदन संलग्न छ।

Phone: 4258174, 4266034, 4255707, A.G. Fax: 977-1-4268309, Fax: 977-1-4262798, Post Box: 13328
email: aag.mgmt@oagnep.gov.np Web Page: www.oagnep.gov.np


Scanned with CamScanner

| कार्यालय र स्थान | | नाम | कार्यरत अवधि | | बेरुजु रकम |
|---|---|---|---|---|---|
| भोक्रा नरसिहं गाउँपालिका, सुनसरी | | | देखि | सम्म | |
| आर्थिक वर्ष :२०७६।७७ | कार्यालय प्रमुख | उमेश घिमिरे<br>राम चरीत्र मेहता | २०७६।४।१<br>२०७६।३।५ | २०७६।३।४<br>२०७७।३।३१ | २५८७७५१७ |
| | लेखा प्रमुख | प्रकाश गौतम<br>महेश राना मगर | २०७६।४।१<br>२०७७।१।१५ | २०७७।३।३१<br>२०७७।३।३१ | |

## आर्थिक कारोवारको स्थिति

एकिकृत आय व्यय विवरण आर्थिक वर्ष २०७६।०७७

| प्राप्ती विवरण | | रकम | भुक्तानी विवरण | | रकम |
|---|---|---|---|---|---|
| गतको नगद तथा मौज्दात | | ९०५३५६६३ | वजेट खर्च | | ३६२२२८४९८ |
| वैङ्क मौज्दात | ८८०८९२८३ | | चालु | २१६१६०१३० | |
| धरौटी | २४४६३८० | | पुजीगत | १४६०६८३६८ | |
| सरकारी अनुदान संघ | | २६४५८२००० | संघीय सरकार कार्यक्रम खर्च | | ६४६१७५०० |
| सम्मानिकरण अनुदान | १२७२००००० | | शसर्त अनुदान नेपाल सरकार फिर्ता | २२३९२०६९ | २२३९२०६९ |
| शसर्त अनुदान चालु | १३७३८२००० | | प्रदेश सरकार शसर्त फिर्ता | | ३१६०० |
| सरकारी अनुदान प्रदेश | | १९३७४००० | प्रदेश सरकार समपुरक फिर्ता | | ४०,००,००० |
| समानिकरण अनुदान | ७४६३००० | | गत वर्षको फिर्ता नेपाल सरकार | | २६८९०१२०.४ |
| शसर्त अनुदान चालु | ६४११००० | | गत वर्षको फिर्ता प्रदेश सरकार | | ७२३९५७८ |
| विषेश अनुदान चालु | १५,००,००० | | कोष खर्च | | ४४३५७९५१ |
| समपुरक अनुदान चालु | ४०००००० | | धरौटी | ८४९१२८ | |
| संघीय सरकार प्रदेश सरकार कार्यक्रम खर्च | | ६४६१७५०० | प्रकोप व्यवस्थापन कोष | ४३५०८८२३ | |
| धरौटी | | १२९३३४० | अन्तिम मौज्दात | | ४२९६३८०३ |
| प्रकोप व्यवस्थापन कोष | | ४३८५८०७६ | चालु | ३८७५६७९ | |
| कर्मचारी कल्याण कोष | | ० | पुजीगत | २१४७३१५९ | |
| आकस्मिक कोष | | ० | सञ्चित कोष | १४३७५१२१ | |
| आन्तरिक राजस्व | | ६३१८२५४ | धरौटी | २८९०५९२ | |
| मूल्य अभिवृद्धि कर संघ | | ५८२८२११८ | प्रकोप व्यवस्थापन कोष | ३४९२५३ | |
| राजस्व वाडफाड प्रदेश | | २५०४६४५ | | | |
| विगत आ व को आम्दानी छुट | | १९३५५५२४ | | | |
| जम्मा | | ५७०७२११२० | जम्मा | | ५७०७२११२० |

Scanned with CamScanner

| भौ.नं., मिति र ब्यहोरा | | बेरुजू रकम |
|---|---|---|
| | परिचय - स्थानीय नेतृत्वको विकास गर्दै स्थानीय शासन पद्धतिलाई सुदृढ गरी स्थानीय तहमा विधायिकी, कार्यकारिणी र न्यायिक अभ्यासलाई संस्थागत गर्न स्थानीय सरकारको सञ्चालन गर्ने उद्देश्यले यस गाउँपालिकाको स्थापना भएको हो । स्थानीय सरकारले सञ्चालन गर्ने कार्यमा सहकारिता, सह-अस्तित्व र समन्वयलाई प्रवर्द्धन गर्नु र स्थानीय सरकारका काममा जनसहभागिता, उत्तरदायित्व, पारदर्शिता सुनिश्चित गरी नागरिकलाई गुणस्तरीय सेवा प्रदान गर्नु गाउँपालिकाको उद्देश्य रहेको छ । यस गाउँपालिका अन्तर्गत ८ वडा, ४४ सभा सदस्य, ६३.३७ वर्ग किलोमिटर क्षेत्रफल तथा ४०६३६ जनसंख्या रहेको छ । | |
| १. | वित्तीय विवरण – स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा ७२ मा गाउँपालिका तथा नगरपालिकाले प्रत्येक वर्षको साउन एक गतेदेखि आगामी वर्षको असार मसान्तसम्मको अवधिलाई आर्थिक वर्ष कायम गरी आय र व्ययको हिसाव राखुपर्दछ । सोही ऐनको दफा ६९ मा तोकीय अनुसार गाउँपालिका तथा नगरपालिकाले आफ्नो आर्थिक कार्य प्रणालीको व्यवस्थापन गर्नुपर्दछ । यस सम्बन्धमा देखिएका व्यहोरा देहाय बमोजिम छन्<br><br>•स्थानीय तहले संचित कोषमा गत विगतको बाँकी यस वर्ष प्राप्त रकम र संचित कोषवाट भएको खर्च स्पष्ट देखिने गरी खाता राखेको छैन ।<br><br>•स्थानीय तहले बैंक समायोजन हिसाब खाता राखेको छैन । जसबाट स्थानीय तहको असार मसान्तको बैंक मौज्दात र श्रेस्ताको मौज्दात रु. ७८८०८८ ले फरक देखिएको छ ।<br><br>• लेखापरीक्षणका क्रममा बैंक नगदी किताब तथा पेश्की खाता अद्यावधिक नरहेको कारण स्थानीय तहले पेश गरेको आय–व्यय विवरण यथार्थ मान्न सक्ने अवस्था छैन ।<br><br>• कतिपय सम्बन्धित आर्थिक कारोबारहरुको गोश्वरा भौचर बजेट शिर्षकगत बैक नगदी किताबमा नजनाएकाले श्रेस्ता अनुसार बैक मैज्दात ऋणत्मक रहेको तथा स्थानीय तहका सबै खाताहरुको एकमुष्ट हिसाव गर्दा मौज्दात ऋणात्मक नरहेको ।<br><br>•स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को नियम ७२(२) मा नेपाल सरकारले निर्धारण गरे बमोजिमको आय र व्ययको वर्गीकरण तथा खर्च शीर्षक सम्बन्धी व्यवस्था अवलम्बन गर्नुपर्ने तथा नियम ७६(२) मा महालेखा परीक्षकबाट स्वीकृत भए बमोजिमको ढाँचामा लेखा राख्नुपर्ने व्यवस्था गरेकोमा यस पालिकाले २०७६।२।१९ मा महालेखापरीक्षकबाट स्वीकृत भएको NEPSAS based ढाँचामा प्रतिवेदन तथा लेखाङ्कन गरेको पाईएन ।यसरी प्रतिवेदन तयार नगर्ने कर्मचारी कार्यपालिका र सभालाइ सरोकारवाला निकायले जिम्मेवार वनाउनु पर्दछ ।<br><br>त्यसैले तोकेबमोजिमका वित्तीय विवरणहरु तथा खाताहरु अद्यावधिक गरी आय र व्ययको वास्तविक स्थिति देखिने गरी लेखांकन गर्नुपर्दछ । | |
| २. | **बैंक हिसाब मिलान र आम्दानी एकिन नगरेको –** स्थानीय तह सरकार संचालन ऐन, २०७४ को दफा ७६(२) बमोजिम स्थानीय तहले आफ्नो कारोबारको लेखा महालेखा नियन्त्रक कार्यालयको सिफारिशमा महालेखापरीक्षकबाट स्वीकृत भएको ढाँचामा राख्नुपर्ने उल्लेख छ । सो बमोजिम मासिक रुपमा स्रेस्ता र बैंक खाताको हिसाब मिलान विवरण तयार गर्नुपर्नेमा स्थानीय तहले सञ्चालन गरेको देहायबमोजिमको खाताको बैंक हिसाब मिलान गरी आम्दानी एकिन गर्नुपर्ने रु. | ७८८०८८ |

| सि.नं. | खाताको नाम | श्रेस्ता अनुसार बाँकी | बैंक अनुसार | फरक |
|---|---|---|---|---|
| १ | प्रकोप व्यवस्थापन कोष | ३४९२५३ | १०७८०७४ | ७२८८२१ |
| २ | राजश्व वाडफांड खाता | ० | ५९२६७ | ५९२६७ |
| | जम्मा | ३४९२५३ | ११३७३४१ | ७८८०८८ |



Scanned with CamScanner

.बैंक कारोबार - यस पालिकामा यस वर्ष रु. ४८०१८५४५७ आय भएकोमा २०७७ असार मसान्त सम्म रु. ५२७७५७३१७खर्च भई रु. ४२९६३८०३ मौज्दात रहेको छ । गत वर्षको मौज्दात समेत वर्षान्तमा स्थानीय कोष र अन्य कोष रु. ४२९६३८०३ मौज्दात रहेको देखियो ।

४. आन्तरिक नियन्त्रण प्रणाली - स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७८ बमोजिम आन्तरिक नियन्त्रण प्रणाली तयार गरी लागु गर्नुपर्नेमा लागु गरेको पाईएन। यस सम्बन्धमा देखिएका अन्य व्यहोराहरु तपशिल बमोजिम रहेका छन ।

- आर्थिक सहायता र औषधी उपचारको रकम कार्यविधि बनाएर मात्र वितरण गर्नु पर्नेमा सो अनुसार गरेको देखिएन ।
- *वडाहरु र नगरका एकै प्रकृतिका योजना तथा कार्यक्रमहरु सञ्चालन गर्दा ( बिउ बिजन खरीद, पाडा, सुगुर , गाइ , खरीद,कृषि सामान खरिद , सोलार खरिद, फर्निचर खरिद र सडक पुर्वाधार ) विभिन्न अनुगमनकारी निकायका निर्देशन परिपत्र र प्रतिवेदन अनुसार एकीकृत प्याकेज बनाई मितव्ययी, प्रतिस्पर्धी र दक्षतापूर्ण ढङ्गबाट कार्यान्वियन गर्नुपर्नेमा सो बमोजिम गरेको देखिएन ।*
- स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ११ अनुसार आफ्नो क्षेत्रभित्रको आधारभूत तथ्याङ्क सङ्कलन, अभिलेखांकन र व्यवस्थापन गर्नुपर्ने सो गरेको पाईएन ।
- पालिकाले एक आर्थिक वर्षको अन्त्य भित्र भएको आफ्नो आर्थिक कारोवारको अनुसुची १४ बमोजिम ढाँचामा वार्षिक प्रतिवेदन तयार गरेको पाईएन ।
- पालिकाले कार्यक्रमगत तथा योजनागत खाता राखेको पाईएन । साथै पालिकाबाट यस वर्ष सञ्चालित कार्यक्रम तथा योजनाको कार्यान्वयन र सेवा प्रवाह समेतको वार्षिक कार्यक्रम अनुसारको प्रगति तयार गरेको पाईएन।
- अन्तर सरकारी वित्त व्यवस्थापन ऐन, २०७४ को दफा १७ बमोजिमको मध्यकालीन खर्च संरचना तयार गर्नुपर्नेमा पालिकाले सो बमोजिम मध्यकालिन खर्चको संरचना तयार गरेको पाईएन ।
- विषयगत क्षेत्रमा सञ्चालन हुने कार्यक्रममा बैठक भत्ता, भ्रमण भत्ता, तालिम, गोष्ठीतर्फ बढी केन्द्रीत भई वितरणमुखी रहेको पाईयो।
- पालिकाले जिन्सी सामानको एकीकृत विवरण तथा सहायक जिन्सी खाता अद्यावधिक नगरी वडा कार्यालय तथा विभिन्न संघ संस्थालाई वितरण गरेको पाईयो ।
- वडा कार्यालयमा रहेका जिन्सी सामान सहितको अभिलेख देखिने गरी पालिकाको मूल जिन्सी खाता अद्यावधिक गरेको पाईएन ।
- जिन्सी निरीक्षण प्रतिवेदनमा उल्लेख भए अनुसार विभिन्न मालसामान मर्मत तथा लिलाम गर्नु पर्नेमा गरेको पाईएन ।
- मूल्य अभिवृद्धि कर नियमावली, २०५३ को नियम ६ (क) मा ठेक्का सम्झौता र कर भुक्तानीको जानाकारी सम्वन्धित आन्तरिक राजस्व कार्यालयलाई नदिई आर्थिक वर्षको अन्तमा मात्र दिइएको तथा इ-टीडिएस गरेको देखिएन ।
- कार्यालयले उद्देश्य प्राप्तिमा आइपर्ने सम्भावित जोखिमहरु पहिचान गरी निराकरणको प्रयास गरेको अभिलेख नराखेको ।
- कुनै रकम रकमको भुक्तानी दिंदा रित पुगेको वा नपुगेको जाँच गरी रसिद बिल भर्पाइहरुमा सिलसिलेवार नम्वर राखी कार्यालय प्रमुखले तोकेको कर्मचारीले भुक्तानी भएको जनाउने छाप समेत लगाई दस्तखत गरी प्रमाणित गर्नुपर्नेमा सो अनुसार गरेको पाईएन ।
- ठेक्काहरुको विस्तृत विवरण देखिने गरी ठेक्का खाता र कन्टिन्जेन्सी खाता राखेको पाईएन।
- सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ९७ अनुसार यस वर्ष कार्यसम्पन्न भएका आयोजना तथा कार्यक्रमहरु उपभोक्ता समितिलाई हस्तान्तरण गर्नुपर्नेमा गरेको पाईएन ।
- संस्था दर्ता ऐन, २०३४ को दफा ३ बमोजिम पालिकावाट सञ्चालन भएका विभिन्न योजनाको निर्माण कार्य गर्न



Scanned with CamScanner

| | | |
|---|---|---|
| | गठन भएका उपभोक्ता समितिहरु ऐनको उक्त व्यवस्था अनुसार मान्यता प्राप्त हुने गरी दर्ता भएको पाइएन ।<br>• सञ्चालित योजनाको सूचना पाटीमा आय-व्यय, अपेक्षित र वास्तविक लाभका साथै उपभोक्ताको योगदान र कार्यसम्पादन लगायतका विषयमा स्पष्ट गरी सरोकारवाला सहितको सार्वजनिक सुनुवाई र सार्वजनिक परीक्षणलाई अनिवार्य गर्नु गराउनु पर्नेमा आंशिक पालना भएको पाइयो ।<br>• वातावरणको संरक्षणको एकीकृत दीर्घकालिन योजना तयार नगरेको ।<br>• पालिकाको विकास निर्माण व्यवस्थापन तथा सेवा प्रवाहका लागि आवश्यक प्राविधिक तथा प्रशासनिक कर्मचारीको अभाव रहेको पाईयो ।<br>• सुशासन व्यवस्थापन तथा सञ्चालन नियमावली २०६५ अनुसार नागरीक वडापत्रमा उल्लेखित सेवाहरुको कार्यान्वयन स्थिति अनुगमन गर्न अनुगमन संयन्त्र तयार गरेको पाइएन ।<br>तसर्थ, पालिकाले आन्तरिक नियन्त्रण प्रणालीलाई तोकिए बमोजिम प्रभावकारी र विश्वासनीय बनाई सेवा प्रवाह सुदृढ बनाउनेतर्फ ध्यान दिनुपर्ने देखिन्छ । | |
| | **बजेट तथा कार्यक्रम** | |
| ५. | **बजेट पेश, पारित र अख्तियारी** - स्थानीय तह सञ्चालन ऐन, २०७४ को दफा ७१ म स्थानीय तहले आगामी आर्थिक वर्षको राजस्व र व्ययको अनुमान कार्यपालिकाबाट स्वीकृत गराई असार १० गते भित्र पेश गर्ने र यसरी पेश भएको बजेट छलफल गरी असार मसान्तभित्र सभाबाट पारित गर्नुपर्ने व्यवस्था छ । सोही ऐनको दफा ७३ मा सभाबाट बजेट स्वीकृत भएको ७ दिनभित्र स्थानीय तहका प्रमुखले प्रमुख प्रशासकीय अधिकृतलाई बजेट खर्च गर्ने अख्तियारी प्रदान गर्नुपर्ने व्यवस्था छ । यस स्थानीय तहमा उपाध्यक्ष श्री पुनम कुमारी मेहताले मिति २०७६।३।१० गते रु ४६६७५६५५५ को बजेट सभा समक्ष पेश गरेकोमा मिति २०७६।३।३१ मा पारित भएको छ । यसैगरी स्थानीय तहका प्रमुखले २०७६।४।३ मा प्रमुख प्रशासकीय अधिकृतलाई बजेट खर्च गर्ने अख्तियारी प्रदान गरेको देखिन्छ । | |
| ६. | **स्वीकृत वजेट भन्दा बढी खर्च** – स्थानीय तह सञ्चालन ऐन २०७४ को दफा ६९ र ७६(७) मा सभाले स्विकृत गरेको रकम मात्र सञ्चित कोषवाट खर्च गर्न पाउने र त्यस भन्दा बाहेकको खर्च गर्न नपाउने व्यवस्था छ । त्यस्तै आर्थिक कार्विधि नियमावली को नियम ३५ मा स्वीकृत बजेटको सिमा भित्र रही मात्र खर्च गर्नुपर्ने व्यवस्था रहेको छ । तर पालिकाले गत वर्षको अल्या शिर्षकमा गाउँसभावाट रु १६३२५२०१ को योजना तथा कार्यक्रम स्वीकृत गराए पनि उक्त शिर्षकवाट कुल रु २९३८६०३० खर्च भई रु. १३०६०८२९ सभाको स्विकृति बेगर खर्च लेखेको पाइयो । | १३०६०८२९ |
| ७. | **चौमासिक पुँजीगत खर्च** - आर्थिक कार्यविधि नियमावली, २०६४ को नियम २३ बमोजिम स्वीकृत भएको कार्यक्रममा नियम २५ बमोजिम चौमासिक प्रगति विवरण बनाई पेश गर्नुपर्ने र चौमासिक कार्य लक्ष्य तथा कार्यक्रम बमोजिम कार्यसम्पादन सम्पन्न गरी कार्यक्रम कार्यान्वयन गर्नुपर्ने व्यवस्था छ । कार्यालयले उपलब्ध गराएको विवरण अनुसार चौमासिक पुंजीगत खर्चको स्थिति देहाय बमोजिम छ । वर्षान्तमा हतारमा काम गराउँदा कामको गुणस्तरमा असर पर्ने देखिएकोले नियममा भएको व्यवस्था अनुरुप आषाढमा खर्च गर्ने परिपाटीमा नियन्त्रण गर्नुपर्दछ । | |

| क्र.सं. | बजेट उपशीर्षक | कुल खर्च | चौमासिक खर्च | | | |
|---|---|---|---|---|---|---|
| | | | प्रथम चौमासिक | दोस्रो चौमासिक | तेस्रो चौमासिक | आषाढ महिना |
| १ | समानीकरण अनुदान | ९६६०८.०९५ | ४३४.२५८ | २११८२.५०७ | ७४९९१.३३० | ४४२२६.५१० |
| २ | आन्तरिक स्रोत | ६७२८६.४५६ | ७७५२.१९५ | २५७३६.७११ | ३३७९७.५५० | ,७१२८.४४१ |
| ३ | राजश्व बाँडफाँड | ६३२१०.८२२ | ११८२४.९१५ | १९६२६.१८९ | ३१७५९.७१८ | २०११८४.८७१ |
| ४ | प्रदेश सरकार समानीकरण | ७४६३ | ० | ० | ७४६३ | २४६३ |
| ५ | सवारी साधन कर | ४९९०.७९४ | ८६९ | १७३३ | २३८८.९४ | १९४३.७९४ |
| ६ | सघीय शसर्त अनुदान | ११४५१० | २५३५०.२९२ | २७१८८.७९९ | ६११७०.९१० | ३५७३७.३९१ |
| ७ | प्रदेश शसर्त | ६६६०.४०४ | | | ६६६०.४०४ | ६१६०.४०४ |

| | | | | | | |
|---|---|---|---|---|---|---|
| | अनुदान | | | | | |
| | जम्मा | ३६०७२९.५७१ | ४६२३०.६६ | ९५४६७.२०६ | २१९०३१.८५२ | १३८८४४.४४११ |
| | प्रतिशतमा | १०० | १३ | २६ | ६१ | ३९ |

८. पुँजीगत खर्च विधि - कार्यालयवाट पेश भएको विवरण अनुसार पुँजीगत खर्च देहाय अनुसार गरेको पाइयो ।

| सि.नं. | कार्यक्रमको नाम | निर्माण कार्यमा भएको कुल खर्च | कुल खर्च मध्ये उपभोक्ता समिति मार्फत भएको रकम | निर्माण व्यवसायीबाट भएको रकम |
|---|---|---|---|---|
| १ | पुर्वाधार विकास | २६२४५२८९२.५ | १०४४०१९०९ | १५८०५०९८३।५ |
| प्रतिशत | | १०० | ४० | ६० |

कूल खर्च मध्ये उपभोक्ता समितिवाट ४० प्रतिशत खर्च गरेकोले प्रतिस्पर्धात्मक विधिवाट खरिद गर्ने तर्फ पालिकाको ध्यान पुग्नु पर्दछ ।

९. खरिद सम्झौता – आर्थिक कार्यविधि नियमावली, २०६४ को नियम २०(३) अनुसार प्रथम चौमासिक अवधिमा ठेक्का सम्झौता गर्नुपर्ने स्पष्ट व्यवस्था भएकोमा देहाय अनुसार तेश्रो चौमासिकमा १०५ वटा कामको रु. ६५२३६००० को ठेक्का सम्झौता गरेको र आषाढमा समेत १०२ वटा कामको रु ६१२४९००० खर्च गरेको पाइयो । कानूनमा उल्लेखित व्यवस्थाको पालना भएको नदेखिएकोले कानूनमा उल्लेखित व्यवस्थाको पालना गर्नेतर्फ गाउँपालिका व्यवस्थापन विशेष सर्तक रहनु पर्दछ । रु. हजारमा

| खरिद सम्झौता | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|
| जम्मा | | प्रथम चौमासिक | | दोस्रो चौमासिक | | तेस्रो चौमासिक | | आषाढ महिनाको मात्र | |
| सङ्ख्या | रकम | सङ्ख्या | रकम | सङ्ख्या | रकम | सङ्ख्या | रकम | सङ्ख्या | रकम |
| १८७ | ७६१३४ | ५ | ३५८० | ७५ | ७३१७ | १०५ | ६५२३६ | १०२ | ६१२४९ |

१०. आन्तरिक ऋण - स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ६८ बमोजिम गाउँपालिकाले वित्त आयोगको सिफारिसमा सम्बन्धित सभावाट स्वीकृत गरी उत्पादनशील, रोजगारमूलक, आन्तरिक आयवृद्धि तथा पुँजीगत कार्यका लागि आन्तरिक ऋण लिन सक्ने व्यवस्था छ । यस गाउँपालिकाले यो वर्ष आन्तरिक ऋण लिएको देखिएन ।

११. योजना छनौट - स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा २४ को उपदफा ४ अनुसार पालिकाहरुले आवधिक वार्षिक रणनीतिगत विषयको योजना बनाउदा मध्यकालीन तथा दीर्घकालीन प्रकृतिका आयोजनाहरुमा लगानी गर्नुपर्ने व्यवस्था छ । त्यस्तै सोही ऐनको दफा २४ को उपदफा १० अनुसार पालिकाले स्थानीयस्तरका विकास आयोजनाको आवश्यक अध्ययन अनुसन्धान तथा प्रभाव मूल्याङ्कन कार्य गर्न सक्नेछ भनी व्यवस्था रहेको छ । तर पालिकाले देहाय अनुसारको सानो प्रकृतिक रु ५००००० भन्दा कमका आयोजनाहरु अध्ययन अनुसन्धान र प्रभाव मूल्याङ्कन बेगर नै रु. ३१६७५००० को १११ वटा योजनाहरुको छनौट तथा कार्यान्वयन गरेको देखियो । साना साना योजना वडावाट छनौट गरी कार्यान्वयन गर्ने गरेकोले मध्यकालीन तथा दीर्घकालीन योजना वनाइ मध्यम र ठुला आयोजनाहरु तर्जुमा गरी कार्यान्वयन गर्ने तर्फ ध्यान जानुपर्ने देखिन्छ ।



Scanned with CamScanner

.का समितिको श्रेस्ता अनुगमन – सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ९७ बमोजिम उपभोक्ता समितिबाट सञ्चालित कार्यक्रमको लेखा दुरुस्त राखे दायित्व सम्वन्धित उपभोक्ता समितिका प्रमुख, कोषाध्यक्ष र सदस्य सचिवको हुने, लेखा दुरुस्त नराखेको पाइएमा प्रचलित कानूनबमोजिम कारवाही हुने एवं भए गरेको कामलाई नगरेको तथा नगरेको कामलाई गरेको सिफारिस गर्ने, नापजाँच प्राविधिक सुपरीवेक्षण गर्ने र अन्तिम मूल्याङ्कन गर्ने कर्मचारीलाई प्रचलित कानूनबमोजिम कारबाही हुने व्यवस्था छ । उपभोक्ता समितिले राखेको लेखाको सम्बन्धमा अनुगमन गरेको देखिएन । उपभोक्ता समितिमार्फत् भुक्तानी गर्दा आयकर ऐन, २०५८ बमोजिम श्रोतमा अग्रिम आयकर कट्टी गर्नुपर्ने, स्थायी लेखा नम्बर र मूल्य अभिबृद्धि कर दर्ता प्रमाणपत्र भएकासँग खरिद गर्नुपर्ने व्यवस्थाको पालना भएको छैन । उपभोक्ता समितिबाट खरिद गरिएका विभिन्न जिन्सी, निर्माण सामग्री र हेभी मेशिनको भुक्तानीमा अग्रिम आयकर कट्टी गरेकोसमेत देखिएन । उपभोक्ता समितिले लेखा नराखे, कार्यालयबाट अनुगमन नहुने अवस्थामा आयकर ऐन, २०५८ अनुसार लाग्ने आयकर तथा भुक्तानीमा असुली गरिने कर रकम निर्माण व्यवसायी तथा आपूर्तिकर्ताबाट छली हुन सक्ने भएकोले अनुगमन गर्नुपर्दछ ।

१३. अधुरा आयोजना – आर्थिक कार्यविधि नियमावली, २०६४ को नियम २६ अनुसार योजनाहरुको भौतिक र वित्तीय पक्षको सामुहिक समीक्षा गर्नुपर्ने र यसरी गरिने समीक्षामा प्रगति कम हुनुका प्रमुख कारणहरु र सोको निमित्त जिम्मेवार व्यक्तिको पहिचान गर्नुपर्ने, त्यस्तो समीक्षामा सुधारका लागि चाल्नु पर्ने कदमहरु र जिम्मेवार व्यक्ति उपर गर्नुपर्ने कारबाही समेत उल्लेख गर्नुपर्ने व्यवस्था छ । यस कार्यालयले यो वर्ष देहायअनुसार रु. २००१०१२ खर्च भएको ३ योजनाको कार्य सम्पन्न हुन नसकि जिम्मेवारी सारेको छ । यस प्रकारको दायित्व विगत वर्षहरुको समेत सार्दै आएको छ । यसरी कानून विपरीत सम्झौता गरी वर्षौंसम्म पनि सम्पन्न नगरी अधुरो रहन गएको उपयुक्त देखिएन ।

| क.सं. | निर्माण कार्य | निर्माण व्यवसायी | संम्झौता मिति | सम्पन्न गर्नुपर्ने मिति | यो वर्ष सम्मको खर्च | भौतिक प्रगति |
|---|---|---|---|---|---|---|
| १ | राजेन्द्र मेहताको घरदेखी उत्तर शिवालय हुदै हरिपुर शाखा नहर र बालगोबिन्द मेहताको घरदेखि पुर्व जिरिया मेहताको घरसम्मको बाटो कालोपत्रे | श्री शिवगंज निर्माण सेवा | २०७७.०२.०७ | २०७७.१२.३० | १२३६.३४९ | २५ प्रतिशत |
| २ | अजमलको घरदेखी पश्चिम लवटलिया कृषी बाटो सम्मको बाटो कालो पत्रे | श्री महेन्द्र निर्माण सेवा | २०७७.०४.२० | २०७७.१२.३० | ० | निर्माण कार्य सुरु |
| ३ | वडा नं ४ सुनसरी पुल देखी उत्तर महेन्द्र यादवको घर हुदै विद्युतको वालसम्मको बाटे कालो पत्रे | श्री एच एम विल्डर्स प्रा ली | २०७७.०२.०७ | २०७७.१२.३० | ७६४.६६३ | २५ प्रतिशत |
| | जम्मा | | | | २००१.०१२ | |



Scanned with CamScanner

प्रवाह – गाउँपालिकाले पेश गरेको सेवा प्रवाह सम्बन्धि विवरण देहाय अनुसार रहेको छ ।

| क्र.सं. | विवरण | सेवा प्राप्तिका लागि निवेदन संख्या | सिफारिस संख्या |
|---|---|---|---|
| १ | नागरिकता सिफारिस | ३४५ | ३४५ |
| २ | घरबाटो सिफारिस | १७५ | १७५ |
| ३ | नाता प्रमाणित | २५१ | २५१ |
| ४ | जन्म, मृत्यु दर्ता | ३०२ | ३०२ |
| ५ | अन्य | ४१७ | ४१७ |

**प्रशासकीय सङ्गठन र कर्मचारी व्यवस्थापन**

१५. **प्रशासकीय सङ्गठन र कर्मचारी व्यवस्थापन** - स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ८३ बमोजिम स्थानीय तहको कार्यबोझ, राजस्व क्षमता, खर्चको आकार र स्थानीय आवश्यकता समेतलाई ध्यानमा राखी कर्मचारी समायोजन भएपछि मात्र सङ्गठन तथा व्यवस्थापन सर्वेक्षणका आधारमा स्थानीय तहमा सङ्गठन संरचना कायम हुने व्यवस्था छ । पालिकामा प्रमुख प्रशासकीय अधिकृत सहित ४४ दरबन्दी स्वीकृत रहेकोमा लेखापरीक्षण अवधि सम्म प्रमुख प्रशाकीय अधिकृत सहित ४२ जना पदपूर्ति भएको देखिन्छ । लेखापरीक्षणको क्रममा प्राप्त विवरण अनुसार कार्य व्यवस्थापनका दृष्टिकोणले महत्वपूर्ण मानिएका अधिकृत इन्जिनियर, जनस्वास्थ्य अधिकृत सहित ४ पदहरु रिक्त रहेका छन् । दरबन्दी बमोजिम जनशक्तिको पूर्णता नहुँदा विषयगत कार्यक्रम सञ्चालन, सेवा प्रवाह तथा पालिकाको समग्र कार्य सम्पादनमा असर परेको स्थिति छ । तसर्थ रिक्त पदहरु यथाशक्य छिटो पूर्ति गरी सेवा प्रवाह प्रभावकारी बनाउनुपर्दछ ।

१६. **स्थानीय तथ्याङ्क र अभिलेख** - स्थानीय तह सञ्चालन ऐन, २०७४ को दफा ११ बमोजिम गाउँपालिकाले आफ्नो क्षेत्र भित्रको आधारभूत तथ्याङ्क सङ्कलन, अभिलेख र सोको व्यवस्थापन गर्नुपर्ने व्यवस्था छ । गाउँले स्थानीय तथ्याङ्क सम्बन्धि नीति, कानून र सोको मापदण्ड बनाएको देखिएन । स्थानीय तहका हरेक प्राथमिकीकरणका क्रियाकलाप सञ्चालनमा तथ्याङ्कले महत्वपुर्ण भूमिका खेल्ने हुँदा सोको सङ्कलन र अभिलेख राख्ने कार्यमा भूमिका अगाडि वढाउन आवश्यक छ । तथ्याङ्क बेगर प्राथमिकतामा राखिएका योजना, बजेट, प्रक्रिया र कार्यान्वयनले उचित सार्थकता नपाउने हुँदा यस तर्फ गाउँपालिकाले अभिलेख व्यवस्थापन गर्न जरुरी छ ।

**कानून निर्माण र कार्यान्वयन**

१७. **कानून र सञ्चालन स्थिति** - स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा १०२ अनुसार स्थानीय तहहरुले आफ्नो अधिकारक्षेत्र भित्रका विषयमा ऐन तथा सोको अधीनमा रही नियम निर्देशिका, कार्यविधि र मापदण्ड बनाई कार्यान्वयनमा ल्याउन सक्ने व्यवस्था छ । जसअनुसार स्थानीय तह सञ्चालनको लागि सङ्घीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयबाट ३० नमुना कानूनहरु बनाई उपलब्ध गराएकोमा यस पालिकाले हालसम्म २ वटा ऐन, ३ वटा नियमावली, ४ कार्यविधि लगायत १० जटा कानून निर्माण गरी कार्यान्वयनमा ल्याएको छ ।

१८. **न्यायिक समिति** - स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ४६ देखि ५३ सम्म अधिकार क्षेत्र तथा न्याय सम्पादन प्रक्रियाको व्यवस्था गरेको छ । समितिमा परेको उजुरीमध्ये मेलमिलाप प्रकृतिका आधारमा विवाद दर्ता भएको ३ महिनाभित्र टुङ्गो लगाउने व्यवस्था छ । तर लेखापरीक्षणको क्रममा प्राप्त विवरण अनुसार गतवर्ष फछ्र्यौट वा कारबाही किनारा गरी टुङ्गो लगाउन बाँकी ७१ र यो वर्ष थप भएको ४९ गरी कूल १६४ विवाद दर्ता भएकोमा ३१ वटा मात्र फछ्र्यौट भई ८९ बाँकी देखिन्छ । न्याय सम्पादन प्रक्रियालाई ऐनले तोकेको म्यादभित्र फछ्र्यौट वा कारबाही किनारा गरी टुङ्गो लगाउनुपर्दछ ।

**कर दस्तुर एवं आन्तरिक आय**

१९. **राजश्व कारोबारको लेखा** - आर्थिक कार्यविधि नियमावली, २०६४ को नियम नियम ९२(१) मा प्रत्येक कार्यालयले राजश्वको लेखा महालेखापरीक्षकको कार्यालयवाट स्वीकृत ढाँचामा राख्नुपर्ने उल्लेख छ । कार्यालयले राजश्व आम्दानी तर्फ म.ले.प.फा.नं. १०८ र १०३ प्रयोग नगरी आम्दानी गरेको छ । नियमावलीको व्यवस्था अनुसार म.ले.प.फा.नं. १०८ र म.ले.प.फा.नं. १०३ राखी राजश्व असुली लेखा व्यवस्थित गर्नुपर्दछ । साथै असुली रकम असुल भएको भोलीपल्ट दाखिला गर्नुपर्नेमा वडा कार्यालयले मासिक/त्रैमासिक रुपमा दाखिला गर्ने गरेको देखियो । असुली रकम नियमानुसार समयमै दाखिला गर्नुपर्दछ । आम्दानी जस्तो संवेदनशील विषयमा गम्भीर भई अनिवार्य रूपमा राख्नुपर्ने दैनिक आम्दानी एवं बैङ्क दाखिला खाताहरूको प्रयोग गरी आन्तरिक आयलाई व्यवस्थित बनाउनु पर्ने देखिन्छ ।





Scanned with CamScanner

न कर – प्रदेश नं १ को आर्थिक ऐन, २०७६ को दफा ५ मा प्रदेश भित्र राखिने होडिङ बोर्ड, साईन बोर्ड, ब्यानर, ट्राई भिजन बोर्ड, ग्लो बोर्ड, स्टल, डिजिटल बोर्ड, धातुको फ्रेम वा कुनै स्थानमा लागाउने, लेख्ने वा विद्युतीय तरंगको प्रयोग गरी गरिएको प्रचारको लागि राखिने वस्तु वा सामग्रीमा गरिने विज्ञापनमा कर लगाई असुल गरेको देखिदैन । तसर्थ पालिकाले यस सम्बन्धि नीति बनाई कर संकलन तर्फ ध्यान दिनु पर्ने देखिन्छ ।

२१. **संकलित राजस्व कोषमा दाखिला** - आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व ऐन २०७६ को दफा २८(१) मा जिम्मेवार व्यक्तिले आफ्नो जिम्मामा आएको सरकारी नगदी सोही दिन वा त्यसको भोलिपल्ट यथास्थानमा दाखिला गर्नुपर्ने तथा सोही ऐनको २८(२) मा आफ्नो जिम्मामा आएको सरकारी नगद सोही दिन वा त्यसको भोलिपल्ट यथास्थानमा दाखिला नगरेमा तालुक कार्यालय वा विभागीय प्रमुखले दश दिन सम्म ढिलो गरेमा १० प्रतिशतका दरले जरिवाना सहित दाखिला गर्न लगाउने तथा दश दिन भन्दा बढी ढिला गरेमा १० प्रतिशत जरिवाना सहित कसुरको मात्रा अनुसार विभागिय कारबाही गर्न गराउन सक्ने व्यवस्था छ । पालिकाको देहायका शाखा तथा वडाबाट वर्षभरी संकलित जम्मा राजश्व रकम मध्ये जिम्मेवार व्यक्तिबाट सञ्चित कोषमा दाखिला गरेको पुष्टयाई प्रमाण नदेखिएकोले सोको प्रमाण पेश हुनुपर्ने अन्यथा १० प्रतिशत सहित असुल गर्नुपर्ने रु. ४९००८

| वडा नं./शाखा | संकलित रकम | सञ्चित कोषमा दाखिला रकम | बांकी नगद रकम |
|---|---|---|---|
| वडा नं. ४ | ३६०१७१.१३ | ३२३५६१.२८ | ३६६०९.८५ |
| वडा नं. ५ | ४२३९८७ | ४१८६७२ | ५३१५ |
| वडा नं. ७ | ३४२५१०.८९ | ३३५४२७ | ७०८३.८९ |
| | | जम्मा | ४९००८ |

धरौटी तर्फ

२२. आर्थिक कार्यविधि नियमावली २०६४ को नियम ७१(२) मा धरौटी स्रेस्तामा आम्दानी जनिएको तर बैंक मौज्दात कम भएको धरौटी हिसाब सम्बन्धमा सम्बन्धित विभाग वा मन्त्रालयले कसको लापरबाहीबाट त्यस्तो हुन गएको हो छानबिन गरी त्यस्तो लापरवाही गर्ने व्यक्तिलाई विभागिय कारबाही गरी असुल गर्नुपर्ने उल्लेख छ। पालिकाको स्रेस्ता अनुसार बांकी धरौटी जिम्मेवारी रु. २८९०५२९ रहेकोमा धरौटीको बैक खातामामा बाकी रकम रु.१६४०६५ मात्र रहेको देखियो ।फरक रकम रु. २७२६४६४ सञ्चित कोषमा दाखिला गरेको छलफलमा जानकारी दिएकोले धरौटी खातामा सार्नु पर्दछ ।

आयकर एवं मु. अ. कर

२३. **अन्य बहाल कर फिर्ता गर्नुपर्ने** - अन्तर सरकारी वित्त व्यवस्थापन ऐन २०७४ को अनुसुची १ र ३ मा संघीय सरकार र स्थानीय सरकारले लगाउने करको व्यवस्था गरेको छ । जस अनुसार घर बहाल कर बाहेक अन्य बहाल कर संघीय सञ्चित कोषमा दाखिला गर्नुपर्ने हुन्छ । तर पालिकाले आ.व.२०७६।०७७को मेशिन बहाल कर वापत उठाएको रु.४१०३७५ आफ्नै खातामा दाखिला गरेकोले सो रकम संघीय सञ्चित कोषमा दाखिला गर्नुपर्ने रु. ४१०३७५

२४. **रितपूर्वकको कर विजक** - मूल्य अभिवृद्धि कर ऐन, २०५२ को दफा १४ बमोजिम मूल्य अभिवृद्धि करमा दर्ता भएका फर्मसँग तोकीएको ढाँचाको कर विजक लिई खरिद गर्नुपर्ने व्यवस्था छ । तर गाउँपालिकाले रित पूर्कको कर विजक वेगर देहायका सप्लायर्स तथा निर्माण व्यसायीबाट मु.अ.कर रु. ७१३७० समान तथा निर्माण सेवा खरिद गरेको छ । तसर्थ उक्त सप्लायर्स तथा निर्माण व्यवसायीले रितपूर्वकको कर बिजक वेगर पालिकाबाट भुक्तानी लिएको मू.अ.कर समायोजन गरेको प्रमाण पेश हुनुपर्ने रु. ७१३७०

| भौ. नं. र मिति | विवरण | रकम | भ्याट |
|---|---|---|---|
| ५९।०७६।११।१५ समानिरकण पुंजीगत | समराज कन्स्ट्रक्सन प्यान ६०१४९१४३४ भ्याट मा दर्ता भई प्यान बिल जारी | २५२००० | ३२७६० |
| १०१।०७७।३।१३ | समराज कन्स्ट्रक्सन प्यान ६०१४९१४३४ भ्याट मा | २९७००० | ३८६१० |

| | | | | |
|---|---|---|---|---|
| समनिरकण पुँजीगत | दर्ता भई प्यान विल जारी | | | |
| जम्मा | | | | ७१३७० |

२५. कर दाखिला नभएको - आयकर ऐन २०५८ को दफा ८८ अनुसार विल विजकको भुक्तानी दिदा १५ प्रतिशत कर कट्टी गरी भुक्तानी गर्नुपर्ने व्यवस्था छ । तर पालिकाले यस वर्ष उपभोक्ता समिति मार्फत देहायको फर्म र व्यक्तिलाई भुक्तानी दिदा भरपाई मात्र को आधारमा भुक्तानी दिएको हुदा आयमा लाग्ने कर रकम असुल गरी संघीय सञ्चित कोषमा दाखिला हुनुपर्ने छ. १०६५९१५

| भौ नं मिति | फर्मको नाम | विवरण | भुक्तानी रकम | कर रकम |
|---|---|---|---|---|
| १३३।०७७।३।१७ पुँजीगत | कार्की ढुवानी सेवा | ग्राभेल खरिद | ७४२५०० | १११३७५ |
| १३८।०७७।३।२१ पुँजीगत | कार्की ढुवानी सेवा | ग्राभेल खरिद | ३३६००० | ५०४०० |
| १९३।०७७।३।१८ पुँजीगत | कार्की ढुवानी सेवा | ग्राभेल खरिद | ३९०००० | ५८५०० |
| १४६।०७७।३।२२ पुँजीगत | राजन पौडेल | मिक्स गिटी खरिद हाते भरपाई मात्र | ७२०००० | १०८००० |
| १५१।०७७।३।२३ पुँजीगत | सरिफ निर्माण सेवा | ग्राभेल खरिद | १२६००० | १८९०० |
| १९६।०७७।३।२८ पुँजीगत | राजन पोखेल | मिक्स गिटी खरिद | २८८००० | ४३२०० |
| | मनोज कुमार मेहता | मिक्स गिटी खरिद | २८०००० | ४२००० |
| | चन्दन मेहता | मिक्स गिटी खरिद | १५६००० | २३४०० |
| | राम चरण मेहता | मिक्स गिटी खरिद | १५९२०० | २३८८० |
| | सूर्य नारायण मेहता | मिक्स गिटी खरिद | १६८००० | २५२०० |
| २०३।०७७।३।२९ पुँजीगत | राज कुमार मेहता | मिक्स गिटी | १२४००० | १८६०० |
| | मिन वहादुर थापा | मिक्स गिटी | १२९६०० | १९४४० |
| | राजन पोखेल | मिक्स गिटी | १५८००० | २३७०० |
| २२१।०७७।३।२० पुँजीगत | आर के निर्माण सेवा | निर्माण सामान | ७०००० | १०५०० |
| | जोया एण्ड ब्रदर्स कन्स्ट्रक्सन प्रा लि | निर्माण सामान | ६०००० | ९००० |
| | कार्की ढुवानी सेवा | ग्राभेल | १३७६००० | २०६४०० |
| | जय भोले हाडवेयर एण्ड सप्लायर्स | मिक्स गिटी | ६५२८०० | ९७९२० |
| २३३।०७७।३।३१ पुँजीगत | श्री मा विन्दावासिनी कन्स्ट्रक्सन प्रा लि | निर्माण सामानको हाते भरपाईवाट भुक्तानी | ११७०००० | १७५५०० |
| १९।२०७७।३।२४ | सहयोगी नेपाल | तालीम सञ्चालन अभिमुखीकरण | ९८५००० | १४७७५० |
| जम्मा | | | ८०९११०० | १२१३६६५ |

२६. वन पैदावार - स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ६२ख मा सामुदायिक वन उपभोक्ता समितिले वन पैदावार



Scanned with CamScanner

। तथा उपयोगसम्वन्धि आफ्नो वार्षिक कार्ययोजना बनाई गाउँपालिकाबाट स्वीकृत गराउनु पर्ने र वन पैदावार बिक्रीबापत प्राप्त हुने रकमको दश प्रतिशत रकम सम्बन्धित गाउँपालिकाको स्थानीय कोषमा जम्मा गर्नुपर्ने व्यवस्था छ । गाउँपालिकाले सो सम्बन्धि अभिलेख तथा वन कार्ययोजना स्वीकृत गरेको देखिएन । आफ्नो क्षेत्रभित्र रहेका सामुदायिक वनको अभिलेख राखी वन कार्ययोजनाको स्वीकृति तथा वन पैदावारको बिक्रीबाट प्राप्त हुने रकम आम्दानी गर्न पहल गर्नुपर्ने देखिन्छ ।

समानीकरण चालु

२७. महोत्सव तथा अन्य खर्च- स्थानीय सरकार सञ्चालन ऐन, २०७४ ले संस्था, समूह, पर्व, जात्रा, यात्रा, विरामी, संस्कृति लगायतमा आर्थिक सहायता दिन सक्ने कानूनी व्यवस्था गरेको देखिदैन।तर गाउँपालिकाले यस वर्ष उत्सव महोत्सव, धार्मिक, सामाजिक, सौस्कृतिक प्रकृतिका कार्यमा रु.३२४८८२६ खर्च गरेको देखियो ।

| विवरण | रकम |
|---|---|
| चाडपर्व | २६३६८२६ |
| विपन्न सहायता विरामी | ६१२००० |
| जम्मा | ३२४८८२६ |

२८. पोशाक खर्च - २६९।०७६।६।१२ प्रदेश नं १ अन्तर्गत स्थानीय तहका स्थानीय तहका पदाधिकारी तथा सदस्यले पाउने सुविधाका सम्वन्धमा व्यवस्था गर्न बनेको ऐन, २०७५ (पहिलो संशोधन समेत)को दफा ३ (क) (१) मा स्थानीय तहका पदाधिकारीहरुले अनूसूची १ मा उल्लेख भएका सुविधा मात्र पाउने उल्लेख छ । साथै सोही ऐनको दफा १२ ले पदाधिकारी, सदस्य तथा सभाका सदस्यको लागि कुनै सुविधा निर्धारण गर्नुपर्दा यस ऐनमा तोकिएको सुविधालाई अधिकतम् मानेर आफ्नो अधिकार क्षेत्र भित्र रहेर आर्थिक स्रोत तथा क्षमताका आधारमा निर्धारण गर्न सक्ने व्यवस्था गरेको छ । तर पालिकाले १८ जना पदाधिकारीहरुलाई पोशाक खरीद गरेको सिलाएको भनी निम्न अनुसार भुक्तानी भएकोले रु.४४१६१५ सम्वन्धितवाट पदाधिकारीवाट असुल गरी स्थानीय सञ्चित कोषमा दाखिला गर्नुपर्ने रु. ४४१६१५

| भौ नं मिति | विवरण | रकम |
|---|---|---|
| ३४०।०७७।१।१२ | पशुपति इम्पोरीयम सर्टिङ्ग सुटिङ्ग | ३०००१५ |
| ३४१।०७७।१।१२ | युनिक टेलर्स | १४१६०० |
| | जम्मा | ४४१६१५ |

२९. वैठक भत्ता - ५४०।०७७।३।३१ स्थानीय तहका पदाधिकारी तथा सदस्यको सुविधा सम्वन्धी ऐन, २०७५ को दफा ३ अनुसार पदाधिकारीको वैठक भत्ता रु १००० का दरले भुक्तानी गर्नुपर्नेमा रु २००० का दरले भुक्तानी गरेकोले वढी भुक्तानी भएको रु ६४०० असुल गर्नुपर्ने रु ६८००

| पदाधिकारीको नाम | भुक्तानी रकम | वढी रकम कर पछिको |
|---|---|---|
| महेन्द्र प्रसाद यादव | २००० | ८५० |
| हातिम अन्सारी | २००० | ८५० |
| मनोज कुमार मेहता | २००० | ८५० |
| वेचन यादव | २००० | ८५० |
| राधादेवी यादव | २००० | ८५० |
| इन्दु उराव | २००० | ८५० |
| महेश राना | २००० | ८५० |
| रमेश चन्द्र तिम्सिना | २००० | ८५० |
| जम्मा | | ६८०० |



Scanned with CamScanner

.बकारी थप अनुगमन भत्ता- गाउँ तथा पालिकासभाका सदस्यहरुको सुविधा सम्वन्धि ऐन, २०७५ दफा ३ को अनुसुचि १ अनुसार पदाधिकारीलाई गाउँ सभाका सदस्यलाई अनुगमन प्रतिवेदन पेश गरीसकेपछी अनुगमन भत्ता सुविधाको व्यवस्था गरेको छ । कार्यालयले नियमित रुपमा पदाधिकारी सुविधाको भर्पाइबाट अनुगमन सुविधा उपलब्ध गराइसकेपछी पुन अनुगमन भत्ता भनी निम्न भौचरबाट भुक्तानी भएको रकम दोहोरो भुक्तानी भएको देखिएकोले रु ३५७०० असुल गर्नुपर्ने रु ३५७००

| भौ नं मिति | पदाधिकारी | अनुगमन दिन | दर | करपछिको भुक्तानी रकम |
|---|---|---|---|---|
| ४०४।०७७।३।५ समानिकरण चालु | कलिम मिया | ४ | १००० | ३४०० |
| ४०४।०७७।३।५ समानिकरण चालु | इरफान अलि | ४ | १००० | ३४०० |
| ४०४।०७७।३।५ समानिकरण चालु | जलिना खातुन | ४ | १००० | ३४०० |
| ४०४।०७७।३।५ समानिकरण चालु | विमला मोची | ४ | १००० | ३४०० |
| १०२।०७६।८।१८ समानिकरण चालु | कलिम मिया | ३ | १००० | २५५० |
| १०२।०७६।८।१८ समानिकरण चालु | इरफान अलि | ३ | १००० | २५५० |
| १०२।०७६।८।१८ समानिकरण चालु | जलिना खातुन | ३ | १००० | २५५० |
| १०२।०७६।८।१८ समानिकरण चालु | विमला मोची | ३ | १००० | २५५० |
| २९।०७६।६।१६ समानिमानिकरण चालु | श्यामदेव ठाकुर | २ | १००० | १७०० |
| २९।०७६।६।१६ समानिमानिकरण चालु | ताहिर मिया | २ | १००० | १७०० |
| २९।०७६।६।१६ समानिमानिकरण चालु | शुसिला साह | २ | १००० | १७०० |
| २९।०७६।६।१६ समानिमानिकरण चालु | सिता सदा | २ | १००० | १७०० |
| २४२।०७७।१०।२८ समानिकरण चालु | सिताराम मेहता | २ | २००० | १७०० |
| २४२।०७७।१०।२८ समानिकरण चालु | कपिलदेव यादव | २ | २००० | १७०० |
| २४२।०७७।१०।२८ सम्पनिकरण चालु | मेनुका उराव | २ | २००० | १७०० |
| | | | जम्मा | ३५७०० |

३१. खर्च भन्दा बढी रकम भुक्तानी - आर्थिक कार्यविधि नियमावली २०६४ को नियम ३६(३) मा खर्च गर्दा खर्चको बिल

सहित लेखा राखुपर्ने व्यवस्था छ । साथै कुल खर्च भएको रकम मात्र भुक्तानी दिनुपर्ने हुन्छ। तर पालिकाले देहायको भुक्तानी गर्दा खर्चको पुष्टि गर्ने प्रमाण बिल भरपाईमा उल्लेख भएको खर्च रकम भन्दा देहायको रकमहरु बढी भुक्तानी भएकोले असुल गरी स्थानीय सञ्चित कोषमा दाखिला गर्नुपर्ने रु. ६९००

| भौ. नं. मिति | विवरण | रकम |
|---|---|---|
| ९१।०७६।८।५ समानिकरण चालु | शिव नारायण यादव रु ७८७३४० को बिजक पेश भएकोमा रु ७९४२४० भुक्तानी भएको | ६९०० |
| जम्मा | | ६९०० |

३२. **बिल भरपाई लगायत कागजात पेश नभएको** - आर्थिक कार्यविधि नियमावली २०६४ को नियम ३६(३) मा खर्च गर्दा खर्चको बिलभरपाई सहित लेखा राखुपर्ने व्यवस्था छ । तर पालिकाले देहायअनुसारको भुक्तानीमा बिल भरपाई नराखी भुक्तानी गरेको देखिएको हुनाले वास्तविक प्रमाणहरु पेश हुनुपर्ने रु. २३०९२०

| भौ. नं. मिति | विवरण | रकम |
|---|---|---|
| ४३३।०७७।३।१६ समानिकरण चालु | महिला स्वास्थ्य स्वयम सेविकाले भत्ता बुझेको भर्पाइ पेश नभएको | १९२००० |
| ५४।०७६।१२।२६ आन्तरीक श्रोत | आलम अन्सारी रु १०००००० मा रु ९८९०८० को बिजक पेश | १०९२० |
| जम्मा | | २३०९२० |

३३. **भुक्तानीमा कर** – आयकर ऐन, २०५८ को दफा ८८ मा भुक्तानीमा १५ प्रतिशत अग्रिम कर कट्टा गर्नुपर्ने व्यवस्था छ । पालिकाले देहायको भुक्तानीहरु गर्दा अग्रिम आयकर वापतको रकम कट्टा नगरी भुक्तानी गरेको हुदा निम्नानुसारको रकम असुल गरी संघीय सञ्चित कोषमा दाखिला गर्नुपर्ने रु. २८०००

| भौ नं मिति | भुक्तानी पाउने | भुक्तानी रकम | नपुग /कर रकम |
|---|---|---|---|
| ५४२।०७७।३।३१ समानिकरण चालु | जनता मा वि शैक्षिक भ्रमण गाडी भाडा | ८०००० | ८००० |
| ५४३।०७७।३।३१ समानिकरण चालु | पृथ्वी नारायण मावि शैक्षिक भ्रमण गाडी भाडा | १२०००० | १२००० |
| १२।०७७।९।१ समानिकरण चालु | जनता मावि भोक्राहा ७ | ८०००० | ८००० |
| जम्मा | | | २८००० |

३४. **संस्थाको विजक पेश नभएको** - आयकर ऐन, २०५८ को दफा ८८ मा भुक्तानीमा १५प्रतिशत अग्रिम कर कट्टा गर्नुपर्ने व्यवस्था छ । कार्यालयले संस्था मार्फत तालिम कार्यक्रम संचालन गरेकोमा संम्बन्धित संस्थाले विजक जारी गरेको देखिएन । तसर्थ निम्नानुसार का संस्था लाई भएको भुक्तानीमा कर कट्टी नपुग रकम गरी संघीय सञ्चित कोषमा दाखिला गर्नुपर्ने रु. २५८४४६

| भौ नं मिति | संस्थाको नाम | भुक्तानी रकम | कट्टी रकम | नपुग कर रकम |
|---|---|---|---|---|
| ६४।०७६।७।१८ समानिकरण चौलु | सुनसरी युथ क्लव | २००००० | ० | ३०००० |
| ३१८।०७६।१२।८ समानिकरण चालु | तराइ विकास परिषद् नेपाल | ३५०००० | ० | ५२५०० |



Scanned with CamScanner

| | | | | |
|---|---|---|---|---|
| ४०३।०७७।३।४ समानिकरण चालु | स्मार्ट सिटी संचार नेपाल | २५९५१० | ३४२०९ | ४७१७ |
| ५२७।०७७।३।३० समानिकरण चालु | नेशनल टइगर्स कल्व नेपाल | १००००० | ० | १५००० |
| ११७।०७७।२।२३ आन्तरीक श्रोत | नेपाल पिछडा वर्ग महासंघ | ३००००० | ९१८७ | ३५८१३ |
| ११८।०७७।२।३२ आन्तरीक श्रोत | अल स्काइ एजुकेशन एण्ड वेलफेयर सोसाइटी नेपाल | ४५०००० | २६२५० | ४१२५० |
| १२२।०७७।३।४ आन्तरीक श्रोत | स्मार्ट सिटी संचार नेपाल प्रा लि | १९०४९० | १८८७ | २६६८६ |
| ४९।०७७।१२।९ आन्तरीक श्रोत | सहयोगी नेपाल | ३५०००० | ० | ५२५०० |
| | | | जम्मा | २५८४६६ |

३५. **भ्रमण भत्ता –** गाँउ तथा पालिकासभाका सदस्यहरुको सुविधा सम्वन्धी ऐन, २०७५ को दफा ८ अनुसार पालिका कार्यपालिकाका अध्यक्ष र उपाध्यक्ष तथा सदस्यले पालिकाको क्षेत्र वाहिर वास वस्न परेमा क्रमश ३ दिन २ दिन सम्मको भ्रमण आदेश अध्यक्ष र उपाध्यक्ष स्वयंले स्वीकृत गर्नसक्ने र सो भन्दा बढी दिनको भ्रमण आदेशको लागि कार्यपालिकाको बैठकबाट स्वीकृत वा अनुमोदन गर्नु पर्ने व्यवस्था रहेकोछ । यसै गरी दफा ८ अनुसार भ्रमण गर्दा स्वीकृत भ्रमण आदेशमा भ्रमणको उद्धेश्य कारण र भ्रमणवाट प्राप्त हुने सम्भावित प्रतिफल समेत उल्लेख गर्नु पर्ने र भ्रमणबाट फर्किएको तीन दिनभित्र भ्रमण बाट प्राप्त उपलव्धीको व्यहोरा सहितको भ्रमण प्रतिबेदन समेत कार्यालयमा पेश गर्नु पर्ने व्यवस्था रहेको छ ।यसैगरी भ्रमण खर्च नियमावली, २०६४ को नियम २१ अनुसार भ्रमणमा खटिने कर्मचारी वा पदाधिकारीले भ्रमण प्रारम्भ गरेपछि तोकिएको ढाँचामा भ्रमण अभिलेख राखु पर्ने व्यवस्था रहेको छ ।यस बर्ष पालिकाका पदाधिकारी तथा कर्मचारीलाई भ्रमणभत्ता खर्च लेखेको देखियो ।

पदाधिकारीहरुको ऐनले तोकेको अवधिभन्दा बढी अबधिको भ्रमण आदेश आफैले स्वीकृती गरेको कार्यपालिकाको बैठक बाट अनुमोदन नगरेको, भ्रमणको उद्देश्य स्पष्ट उल्लेख नगरेको, भ्रमण प्रतिबेदन दिने नगरेको र नियमानुसार भ्रमण अभिलेख राखे गरेको देखिएन । कानूनमा तोकिए बमोजिमको प्रक्रिया पालना गर्नु पर्दछ ।

**संघीय शसर्त अनुदान**

३६. **शिक्षक दरवन्दी र पदपूर्ति-** गाउँपालिकाले पेश गरेको शिक्षक दरवन्दी र पदपूर्ति देहाय अनुसार रहेको छ ।

| सि.न | विद्यालयको नाम | शिक्षक दरवन्दी | पद पूर्ति | पदपूर्ति मध्ये करार | विद्यार्थी संख्या |
|---|---|---|---|---|---|
| १ | श्री शारदा मा.वि. भो.न.- १ | १८ | १७ | ७ | ६६५ |
| २ | श्री जनता मा.वि. भो.न. -३ | ११ | ११ | ३ | २८५ |
| ३ | श्री पृथ्वीनारायण मा.वि.भो.न.- ४ | ११ | १० | ६ | ४२३ |
| ४ | श्री जनता मा.वि. भो.न.-७ | १२ | १२ | ५ | ५८६ |
| ५ | श्री आधारभूत विद्यालय भो.न.-२ | ९ | ९ | ३ | २८९ |
| ६ | श्री सरस्वती आ.वि.भो.न.-३ | ७ | ५ | २ | २८९ |
